# कृषक पाठशाला संचालन कार्यविधी, २०७५

(प्रदेश सरकार, मन्त्रीपरिषद, मिति २०७५/१०/०२ गतेको निर्णयबाट स्वीकृत)

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१, विराटनगर, नेपाल

सचिव

# कृषक पाठशाला संचालन कार्यविधी, २०७५

)प्रदेश सरकारको मिति २०७५/१०/०२ को निर्णयबाट स्वीकृत(

पृष्ठभूमिः

किसानहरुको घर घरमा गई आधुनिक कृषि प्रविधि सम्बन्धी जानकारी गराउन धेरै प्राविधिकहरुको आवश्यकता पर्ने हुन्छ, तसर्थ स्थानीय स्तरमा नै किसानहरुलाई उनीहरुको खेतवारीमा नै वाली अविधिभर वाली उत्पादन सँग सम्बद्ध समस्याहरु केन्द्रित भई सहभागितात्मक खोज र प्रयोगका आधारमा वाली उत्पादनका नवीनतम प्रविधिहरु अभ्यास गर्ने थलो कृषक पाठशाला हो । नेपालमा सर्वप्रथम कृषक पाठशाला पद्धतिको प्रयोग एकिकृत शत्रुजीव व्यवस्थापन कार्यका लागि भएको पाईन्छ । त्यसैगरी विश्वखाद्य तथा पोषण कार्यक्रमको सहयोगमा तत्कालिन मध्य तथा सुदुर पश्चिमाञ्चल क्षेत्र १९ जिल्लामा संचालित कृषि तथा खाद्य सुरक्षा आयोजनाले विभिन्न वालीहरुमा नवीनतम कृषि प्रविधिहरु प्रसारको माध्यमको रुपमा कृषक पाठशाला पद्धति अवलम्बन गरेको पाईन्छ । तसर्थ, आधुनिक कृषि प्रविधि प्रसार गर्ने सशक्त माध्यम तथा स्थलको रुपमा उभिएको कृषक समूह मार्फत एक वाली अवधिभर कृषक पाठशाला संचालन गरी पाठशालाको माध्यमवाट नविनतम कृषि प्रविधि किसान समक्ष पुऱ्याउन प्रदेश सरकारको नीति तथा कार्यक्रममा अन्तरनिहित भावना अनुरुप वार्षिक स्वीकृत कार्यक्रममा स्वीकृत रहेकोले कृषक पाठशाला कार्यक्रम कार्यान्वयन प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ३ को अधिकार प्रयोग (१) गरि प्रदेश सरकारबाट गर्न "कृषक पाठशाला संचालन कार्यविधि,२०७५" तयार गरि लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्यविधि को नाम "कृषक पाठशाला संचालन कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकारवाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(१) "श्रोत व्यक्ति" भन्नाले एक वाली अवधिको कृषक पाठशाला प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त अधिकृत वा ज्ञान केन्द्र वा स्थानिय तहमा उपलब्ध एक वाली अवधिको कृषक पाठशाला प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त कृषि प्राविधिकलाई वुझ्नु पर्छ।

(२) "कृषक सहजकर्ता" भन्नाले एक वाली अवधिको कृषक पाठशाला प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त कृषकलाई वुझ्नुपर्छ ।

सचिव प्रमुख सचिव

(३) "कृषक पाठशाला" भन्नाले २५ देखि ३० जना महिला पुरुषहरुको समुह हो जसलाई कक्षा भित्र पठन पाठन गराउनुको साटो खेतमा व्यवहारीक प्रयोगात्मक र खोजपुर्ण तरिकाहरु अपनाइ वाली अवधिभर नियमित रुपले वाली वातावरण प्रणालीको अवलोकन, विश्लेषण र समुह छलफलको आधारमा आफु आफैले ठोस निर्णय लिएर तत्काल आएका समस्याहरुको समाधान गर्न सक्ने गरी दक्ष वनाउने स्थान वुझ्नुपर्छ ।

३. कार्यक्रम संचालनको उद्धेश्यः

कृषक पाठशाला कार्यक्रमको उद्धेश्य देहाय बमोजिम हुनेछः

(१) प्रमाणित उन्नत प्रविधिहरु स्थलगत रुपमा सहभागितात्मक कृषि प्रसारको माध्यमवाट कृषि प्राविधिकहरुले किसानहरुमा प्रवाह गर्ने ।

(२) प्राविधिकवाट कृषकहरुमा नै जानकारी तथा चेतना जगाई प्रविधि हस्तान्तरणमा कृषक स्वयंलाई सहभागि गराई कृषकहरुको क्षमता विकास मार्फत कृषि उत्पादनमा वृद्धि ल्याउने ।

## परिच्छेद - २

## कार्यक्रम संञ्चालन प्रकृया

४. कार्यक्रम सञ्चालन प्रकृया

यस कार्यक्रम देहाय अनुसार संचालन गरिने छ।

(१) कृषक पाठशाला कार्यक्रमको सञ्चालन कृषि ज्ञान केन्द्रले कृषक पाठशाला श्रोत व्यक्ति तथा कृषक सहजकर्ता मार्फत गर्नेछ ।

(२) कृषि ज्ञान केन्द्रवाट प्रविधि ग्रहणको स्तर, विषादी प्रयोग स्थिति, कृषकहरुको साँगठनिक अवस्था सामाजिक पूँजि (कृषि सहकारी तथा समूह) को अवस्था र चेतना स्तर आदिलाई मध्यनजर गर्दै कार्यक्रम संयोजकले कृषक पाठशाला संचालन गर्ने स्थान, कृषक समूह / कृषि सहकारीहरु छनौट गर्नेछ । समूह र सहकारी छनौट गर्दा महिला, जनजाति, दलित, विपन्न, पिछडिएका समुदाय र क्षेत्रलाई प्राथमिकता दिनु पर्नेछ । विगतका वर्षहरुमा कृषक पाठशाला सञ्चालन नभएका कृषक समुह तथा सहकारीहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

(३) यस कार्यक्रमको संयोजक सम्वन्धित कृषि ज्ञान केन्द्रको वाली संरक्षण अधिकृत वा वाली संरक्षण अधिकृत नभएको अवस्थामा प्रमुखले तोकेको अन्य अधिकृत वा कर्मचारी हुनेछ ।

प्रमुख सचिव

(४) कृषक पाठशाला एकिकृत शत्रुजीव व्यवस्थापन, वाली उत्पादन सम्बन्धी नवीन प्रविधिहरु समावेश विविध विषयहरु केन्द्रित भई संचालन गर्नुपर्ने छ। वाली अनुसार तत्कालिन वाली संरक्षण निर्देशनालय र कृषि तथा खाद्य सुरक्षा आयोजनावाट तयार गरिएका पाठयक्रम अनुसार संचालन गर्नुपर्ने छ ।

५. समुह छनौट पश्चात कार्यक्रम सञ्चालन प्रकृयाः

(१) कृषक पाठशाला सञ्चालन गर्नु अगाडी कृषक पाठशाला सहजकर्ता (Field School Facilitator) जनप्रतिनिधि, स्थानिय तहमा कार्यरत कृषि प्राविधिक समेत स्थलमा गई पाठशाला संचालन गर्ने क्षेत्रमा रहेका कृषक, महिला वा मिश्रित समुहको समेत सहभागिता हुने गरी २५ जनाको कृषक समूह छनौट गर्न २ पटक अन्तरक्रिया गोष्ठी गर्ने ।

(२) तुलनात्मक अध्ययन तथा परिक्षणहरु संचालन गर्न आवश्यक जग्गा (अन्नवालीको लागि पहाडमा ५०० वर्ग मि., तराईमा १००० वर्ग मिटर र आलु/तरकारीको लागि ५०० वर्ग मि. खेत/वारीको छनौट गर्ने र कृषकहरु जम्मा भई छलफल गर्ने स्थानको निर्धारण गर्ने ।

(३) कुनै वालीको वाली अवधिभर कृषक समुहले निर्धारण गरेको हप्ताको एक दिन विहान ७ वजे देखि १२ वजे सम्म अध्ययन र तालिम संचालन गर्ने ।

(४) कृषकहरुको आवश्यकता अनुसार कृषि सगँ सम्वन्धित विषयवस्तुमा कम्तिमा ३ वटा विशेष कक्षा सञ्चालन गर्नुपर्ने छ ।

(५) हरेक वालीमा वाली नभित्र्याउदै अन्य कृषकहरुलाई यस प्रविधिको विस्तार गर्ने उद्धेश्य राखि आमन्त्रीत पाहुना र अन्य कृषकहरुलाई अध्ययन स्थल भ्रमण, स्टल निरिक्षण, सांस्कृतिक कार्यक्रम नजर गराई कृषक दिवस मनाउने। उक्त कृषक दिवसमा कृषक पाठशालामा सहभागि कृषकहरुलाई प्रमाणपत्र वितरण सहितको एक समापन समारोह संचालन गर्ने।

सचिव

प्रमुख सचिव

६. आर्थिक पक्षः

कृषक पाठशाला संचालन आर्थिक मापदण्ड

| क.स. | क्रियाकलाप | संख्या | दिन/ हप्ता | दर | जम्मा खर्च | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | अधिकृत स्तर सहजकर्ता वाट सञ्चलन | सहायक स्तर (प्रा.स /ना.प्रा.स) सहजकर्ता वाट सञ्चालन | कृषक सहजकर्ता वाट सञ्चालन |
| १ | तयारी बैठकहरु ( स्थलगत कृषक अन्तरकृया गोष्ठि (२ पटक) गोष्ठीमा छलफल हुने विषयहरुः कृषक पाठशालाको महत्व, वाली पात्रो र आधारभुत तथ्याङक संकलन, समुहको महत्व, लैङिगक विश्लेषण ,समस्या पहिचान, कार्यक्रम कार्य योजना तयारीको लागि जम्मा खर्च रकम | | | | | | |
| १.१ | पहिलो पटक अन्तरकृया गोष्ठी गर्न ४० जना कृषकहरु समावेश गोष्ठीमा खाजा खर्च | ४० | १ | १०० | ४००० | ४००० | ४००० |
| १.२ | दोस्रो पटक अन्तरकृया गोष्ठी गर्न ३० जना कृषक सहभागी हरुलाई चियापान खाजा खर्च | ३० | १ | १०० | ३००० | ३००० | ३००० |
| १.३ | भिन्दा भिन्दै मितिमा २ पटक सम्म उल्लेखित विषयमा गोष्ठी सञ्चालन गर्दा चाहिने स्टेशनरी | ७० | १ | १०० | ७००० | ७००० | ७००० |
| १.४ | गोष्ठि सञ्चालन गर्न भत्ता प्रति व्यक्ति प्रति दिन रु १६०० अधिकृत स्तर/ रु १२०० सहायक स्तर / रु १००० कृषक सहजकर्ता का दरले २ जना आइ.पि.एम सहजकर्ता/श्रोत व्यक्ति लाई २ दिनको जम्मा | २ | २ | १६००/ १२००/ १००० | ६४०० | ४८०० | ४००० |
| १.५ | सहजकर्ताको तथा श्रोत व्यक्ति यातायात खर्च | २ | २ | २०० | ८०० | ८०० | ८०० |
| | जम्मा | | | | २१२०० | १९६०० | १८८०० |
| २ | १ दिने Seasonal planning गोष्ठी गर्न | | | | | | |
| २.१ | खाजा खर्च २७ जना (२५ जना कृषक र २ जना सहजकर्ताको) लागि | २७ | १ | १०० | २७०० | २७०० | २७०० |

प्रमुख सचिव

सचिव

| क्र.स. | क्रियाकलाप | संख्या | दिन/ हप्ता | दर | जम्मा खर्च | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | अधिकृत स्तर सहजकर्ता वाट सञ्चलन | सहायक स्तर (प्रा.स /ना.प्रा.स) सहजकर्ता वाट सञ्चालन | कृषक सहजकर्ता वाट सञ्चालन |
| २.२ | गोष्ठि सञ्चालन गर्न भत्ता प्रति व्यक्ति दिन रु १६०० अधिकृत स्तर/ रु १२०० सहायक स्तर / रु १००० कृषक सहजकर्ता दरले २ जना आइ.पि.एम सहजकर्ता तथा श्रोतव्यक्ति लाई १ दिनको जम्मा | २ | १ | १६००/ १२००/ १००० | ३२०० | २४०० | २००० |
| २.३ | गोष्ठी सञ्चालन गर्दा चाहिने स्टेशनरी २५ जनाको लागि | २५ | १ | १०० | २५०० | २५०० | २५०० |
| २.४ | २ जना सहजकर्ताको यातायात खर्च | २ | १ | २०० | ४०० | ४०० | ४०० |
| | जम्मा | | | | ८८०० | ८००० | ७६०० |
| ३ | स्थलगत कृषक पाठशाला सञ्चालन गर्न | | | | | | |
| ३.१ | खाजा खर्च २७ जना (२५ जना कृषक र २ जना सहजकर्ताको) लागि १६ हप्ता सम्म | २७ | १६ | १०० | ४३२०० | ४३२०० | ४३२०० |
| ३.२ | पाठशाला सञ्चालन सामाग्री – वीउ ,वेर्ना , कम्पोष्ट मल, मलखाद ,सिंचाई ,वोर्ड तथा अन्य सामाग्रीहरु, जाली कपडा, भाइल,जैविक विषादी, शुक्ष्म खाधतत्वहरु, हर्मोनहरु आदि । | | | १०००० | १०००० | १०००० | १०००० |
| ३.३ | गोष्ठि सञ्चालन गर्न भत्ता प्रति व्यक्ति प्रति दिन रु १६०० अधिकृत स्तर/ रु १२०० सहायक स्तर / रु १००० कृषक सहजकर्ता दरले २ जना आइ.पि.एम सहजकर्ता / श्रोतव्यक्ति लाइ १६ दिनको जम्मा | २ | १६ | १६००/ १२००/ १००० | ५१२०० | ३८४०० | ३२००० |
| ३.४ | २ जना सहजकर्ताको यातायात खर्च | २ | १६ | २०० | ६४०० | ६४०० | ६४०० |
| ३.५ | बिशेष कक्षा श्रोत व्यक्ति कक्षा वापत | १ | ३ | १४०० | ४२०० | ४२०० | ४२०० |
| ३.६ | बिशेष कक्षा श्रोत व्यक्ति यातायात खर्च | १ | ३ | २०० | ६०० | ६०० | ६०० |
| | जम्मा | | | | ११५६०० | १०२८०० | ९६४०० |
| ४ | कृषक दिवश सञ्चालन गर्न | | | | | | |
| ४.१ | खाजा खर्च | ८० | १ | १०० | ८००० | ८००० | ८००० |



प्रमुख सचिव

| क.स. | क्रियाकलाप | संख्या | दिन/ हप्ता | दर | जम्मा खर्च | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | अधिकृत स्तर सहजकर्ता वाट सञ्चलन | सहायक स्तर (प्रा.स /ना.प्रा.स) सहजकर्ता वाट सञ्चालन | कृषक सहजकर्ता वाट सञ्चालन |
| ४.२ | व्यवस्थापन खर्च ( स्टेज निर्माण , साउण्ड सर्भिस ,टेवल, कुर्चि, ध्वजापतका, निमन्त्रणा कार्ड आदि | | | २००० | २००० | २००० | २००० |
| ४.३ | सहजकर्ताको दैनिक भ्रमण भत्ता रु १६०० अधिकृत स्तर/ रु १२०० सहायक स्तर / रु १००० कृषक सहजकर्ता | २ | १ | १६००/ १२००/ १००० | ३२०० | २४०० | २००० |
| ४.४ | सहजकर्ताको यातायात खर्च | २ | १ | २०० | ४०० | ४०० | ४०० |
| ४.५ | कृषक पाठशालाको प्राविधिक प्रतिवेदन | | | १००० | १००० | १००० | १००० |
| | जम्मा | | | | १४६०० | १३८०० | १३४०० |
| | कुल जम्मा | | | | १६०२०० | १४४२०० | १३६२०० |

* विशेष वालीहरुमा कृषक पाठशाला सञ्चालनको लागि गरिएको विशेष व्यवस्था - आलु, अदुवा र वेसारमा सञ्चालन गर्दा वीउको निम्ति छुट्टै रु. ३००० रकम थप हुनेछ ।

सचिव

प्रमुख सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

## परिच्छेद – ३
## सम्झौता तथा भुक्तानी प्रकृया

७. लागत अनुमान तथा सम्झौता:

(१) कार्यक्रम संचालन स्थल, समूह तथा सहकारी छनौट पश्चात कार्यक्रम संयोजकले कृषक पाठशालाको लागत अनुमान तयार गरी स्वीकृतिका लागि कृषि ज्ञान केन्द्र प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(२) स्वीकृत लागत अनुमान अनुसार सम्बन्धित कृषि ज्ञान केन्द्रले कृषक सहजकर्ताहरु बाट सञ्चालन गर्ने भएमा आवश्यक सेवा तथा शर्त उल्लेख गरी सम्झौता गर्नुपर्नेछ ।

(३) कार्यक्रम संचालनका लागि सम्बन्धित सहजकर्ता तथा श्रोत व्यक्तिलाई प्रथम किस्तामा अधिकतम ४० प्रतिशत रकम पेश्की स्वरुप कार्यक्रम सञ्चालन पुर्व उपलव्ध गराइने छ र कार्य सम्पन्न प्रतिवेदनको आधारमा बाँकि रकम भुक्तानी गरीने छ।

## परिच्छेद – ४
## अनुगमन मुल्याङ्कन तथा विविध

८. **अनुगमन मुल्याङ्कन** – कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्रबाट आवश्यकता अनुसार अनुगमन मुल्याङ्कन गरिने छ।

९. **प्रतिवेदन** – कार्यक्रम कार्यान्वयन गर्ने व्यक्तिले रकम भुक्तानी माग गर्दा योजना बमोजिमका क्रियाकलापहरु उल्लेख गरी सम्वन्धित कृषि ज्ञान केन्द्रमा प्रतिवेदन पेश गर्नु पर्दछ। अन्तिम किस्ता भुक्तानीको लागि कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्दछ। कृषि ज्ञानकेन्द्रले आफ्नो कार्यक्षेत्रमा सञ्चालन गरेका कृषक पाठशालाको विवरण तयार गरी कृषि विकास निर्देशनालयमा चौमासिक रुपमा पठाउनु पर्नेछ ।

१०. **कार्वाहीको व्यवस्था:** स्वीकृत योजना अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरिएको पाइएमा प्रचलित ऐन नियम तथा कानुन बमोजिम कार्वाही हुनेछ।

११. **आर्थिक प्रशासन सेवा:** कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि, मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र संघिय सरकारका प्रचलित कानून बमोजिम हुनेछ ।

१२. **प्रचलित कानून लागु हुने:** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१३. बाधा अड्काउ फुकाउने **(खारेजी एबं संशोधन)**

(१) कार्यविधि कार्यान्वयनका सन्दर्भमा भूमि व्यवस्थाकृषि तथा सहकारी मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) कार्यविधि कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा भूमि व्यवस्थाकृषि तथा सहकारी मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

(३) कार्यविधिलाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेजी वा संशोधन गर्न सक्नेछ ।

सचिव

प्रमुख सचिव